# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ नेपाल सहायता समूहको छैठौं बैठकमा भागलिन टोकियोतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री वासुदेव प्रधानलाई मिति २०४२।९।२८ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

संचार मन्त्रालयका सचिव श्री टेकबहादुर खत्री अन्तर्राष्ट्रिय विकास कार्यक्रम-को लागि अन्तरसरकारी बैठकमा भागलिन पेरिसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री उत्तमलाल श्रेष्ठलाई मिति २०४२।९।२९ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ सरकारको का. मु. मुख्य सचिव

## महालेखा परीक्षकको विभागको

### सूचना १

श्री ५ को सरकारको मिति २०४२।७।३० को निर्णयानुसार श्री रत्नमान श्रेष्ठ-लाई लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, यस विभागका निर्देशक पदबाट महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम मिति २०४२।७।३० देखि स्वेच्छिक अवकाश दिइएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२८